# मात्र एक सन्देश

[ नेपाली - Nepali - نيبالي ]

लेखकः

डा. नाजी बिन इब्राहीम अल् अर्फज

अनुवादकः

अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की

# رسالة واحدة فقط

د. ناجي بن إبراهيم العرفج

ترجمة:

عتيق الرحمن محمد إدريس خان مكي

بسم الله الرحمن الرحيم

﴿ ٱدۡعُ إِلَىٰ سَبِيلِ رَبِّكَ بِٱلۡحِكۡمَةِ وَٱلۡمَوۡعِظَةِ ٱلۡحَسَنَةِۖ وَجَٰدِلۡهُم بِٱلَّتِي هِيَ أَحۡسَنُۚ ﴾ النحل: ١٢٥

अर्थ : (हे पैगम्बर !) मानिसहरूलाई बुद्धिमत्ता र असल उपदेशले आफ्नो पालनकर्ताको बाटोतिर बोलाउनुस् र सधै राम्रो तरिकाले तिनीहरूसित कुरा र प्रतिउत्तर गर्नुस्,।

## सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।

To connect Translator: 0501372254
للتواصل مع المترجم: 0501372254
अनुवादकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४
प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

**पुस्तक पाइने ठेगाना -:**

□ इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी नं. 00966-0501372254

□ इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# उपहार

□ सत्यता र निष्ठाको साथ वास्तविकताका खोजीहरूको लागि ।

□ बुझ्ने बुद्धिमानहरूको लागि ।

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जुन समस्त संसारको स्रष्टा र प्रतिपालक हो । र अल्लाहको अत्याधिक शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

तपाईलाई थाहै होला कि हाम्रो देश नेपाल विश्वका गरिब र काफिर राष्ट्रहरूमध्ये एक हो, जहाँ विभिन्न भाषाभाषीका अनेकौं धर्ममा आस्था राख्नेहरु बसोबास गर्दछन्, र जुन पुस्तक तपाईहरु समक्ष प्रस्तुत गर्ने सौभाग्य प्राप्त गरिहेहको छु त्यो हाम्रो समाजको लागि अति हितकर र लाभदायक छ यस्तो मलाई लाग्दछ । यसको लेखक डा. नाजी बिन इब्राहीम अर्फज ज्यू हुनुहुन्छ जुन अरबका महान विद्हरूमध्ये एक हुन् । यसर्थ मेरो समस्त प्रयास यस कुरामा केन्द्रित रहनेछ कि म यस शीर्षकसित संलग्न समस्त कुराहरूलाई उस्तै सिद्ध गर्न सकूँ जसरी कि यस पुस्तकको लेखक ज्यूले आफ्नो मूल लेखमा सिद्ध गरेका छन् । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन् साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस अनुवादमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

**अनुवादक**

अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा
तौलिहवा कपिलवस्तु (नेपाल)
email- atiqkhannp1982@yahoo.com
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी मो. न. 00966-0501372254

## अध्ययन गर्नुभन्दा अघि केही प्रश्नहरू:

(१) □ यस मात्र एक सन्देशको उद्देश्य के हो ?

(२) □ यसको बारेमा पवित्र ग्रन्थ के भनिरहेको छ ?

(३) □ पवित्र कुरआन यसको बारेमा के भनिरहेको छ ?

(४) □ यस (ज्ञान) पश्चात यसको बारेमा तपाईको के दृष्टिकोण छ ?

## मुख्य विषयतिर:

आदम अलैहिस्सलाम (उहाँमाथि अल्लाहको प्रशान्ति अवतरित होस) को सृष्टि पश्चात मानव इतिहासको पुष्टि अनुसार जुन प्रमुख सन्देश मानवजातिमाथि अनिवार्य गरियो, र मानिसहरूलाई जस सन्देशको स्मरण र चेतना गराउने एवं सुमार्गतर्फ फर्काउने उद्देश्यले हाम्रो एक मात्र सत्य पूज्य (अल्लाह) ले अत्याधिक सन्देष्टा र दूतहरूलाई पठाए, जसरी: हजरत आदम, र हजरत नूह, र हजरत इब्राहीम, र हजरत मूसा र ईसा, र मुहम्मद अलैहिमुस्सलातु वस्सलाम (उनी सबैमाथि अल्लाहको प्रशान्ति अवतरित होस्) । ताकि उनी सबै यस विशेष सन्देशको प्रचार प्रसार गरुन् जुन यो हो ⇩

> सत्य पूजनीय मात्र एउटै छ यसर्थ मात्र
> त्यसैको पूजा आराधना गर ।

## त्यो सत्य ईश्वर नै वास्तविक पूज्य र प्रतिपालक हो ।

| पठायो | यो सन्देश पुऱ्याउनको लागि |
| --- | --- |
| ---आदमलाई | अल्लाह एक छ मात्र त्यसैको पूजा गर । |
| ---इब्राहीमलाई | अल्लाह एक छ मात्र त्यसैको पूजा गर । |
| ---मूसालाई | अल्लाह एक छ मात्र त्यसैको पूजा गर । |
| ---ईसालाई | अल्लाह एक छ मात्र त्यसैको पूजा गर । |
| ---मुहम्मदलाई | अल्लाह एक छ मात्र त्यसैको पूजा गर । |

र अल्लाहले साहसी सन्देष्टाहरू र यिनी बाहेक अरु धेरै सन्देष्टाहरूलाई जिनमध्ये केहीको बारेमा हामीलाई ज्ञान छ तर ती मध्ये अधिकांशबारे हामी अनभिज्ञ छौं समस्तलाई केही विशेष दायित्वको भारी दिएर पठायो जसमध्ये केही यी हुन्:

(१) □ वह्य (अल्लाहको प्रकाशना) ग्रहण गर्नु, र त्यसलाई अआफ्ना जातिसमुदाय र अनुयायीहरू सम्म पुऱ्याउनु ।

(२) □ मानिसहरूलाई एकेश्वरवादको पाठ पढाउनु, र पूजा आराधनालाई पूर्ण निष्ठाको साथ मात्र एक अल्लाहलाई समर्पित गर्ने उपदेश दिनु ।

(३) □ राम्रो कार्य कुरा र सरहानीय नैतिकताद्वारा आफूलाई सुसज्जित गरेर आफूलाई अरुको लागि आर्दश बनाउनु, ताकि मानिसहरू अल्लाहसम्म पुग्नको लागि उनीहरूको अनुशरण गरुन् ।

(४) □ अआफ्ना अनुयायीहरूलाई अल्लाहको भयत्रास त्यसको स्तुति र त्यसका निर्देशनहरूको पालना गर्नेतर्फ आकृष्ट र मार्गदर्शित गर्नु ।

(५) □ अआफ्ना अनुयायीहरूलाई धर्मनिर्देशन र सचरित्रताको शिक्षा एवं तालिम दिनु ।

(६) □ अवज्ञाकारी र बहुदेववादीहरूलाई मूर्तिपूजा तथा अरु कसैको पनि पूजाबाट निकालेर सुमार्गतिर ल्यायनु ।

(७) □ समस्त मानवहरूलाई यो समाचार सुनाउनु कि: उनी सबैलाई मरणोपरान्त जीवित गरिनेछ, र महाप्रलयको दिन सबैको कर्मको हिसाब किताब हुनेछ, त जसले अल्लाहमाथि आस्था राखेको हुन्छ र सत्कर्म गरेको हुन्छ त त्यसलाई प्रतिफलको रूपमा स्वर्ग प्रदान गरिन्छ । र जसले अल्लाहको साथ कसैलाई साझीदार र सहभागी ठहराएको हुन्छ र त्यसको अवज्ञा गरेको हुन्छ त त्यसको बासस्थान नर्क हुनेछ ।

निःसन्देह यी समस्त सन्देष्टा र दूतहरूलाई मात्र एक अल्लाहले नै सृष्टि गरेर पठाएको छ, र यो ब्रह्माण्ड र यसमा जे जति सृजित थोकहरू छन् सबै त्यस स्रष्टा अल्लाहको विद्यमान हुने कुरालाई भनिराखेका छन्, र त्यसको एकत्वमाथि गवाही दिइराखेका छन्, यसर्थ त्यो अल्लाह नै यस ब्रह्माण्ड र यसमा जे जति मानव जनावर पशुपंक्षी... आदि छन् सबैको स्रष्टा हो, र त्यो अल्लाह नै मृत्यु र नाशवान जीवन एवं सदैंव रहीरहनेवाला जीवन (अमरत्व) को पनि स्रष्टा हो ।

निःसन्देह यहूदी ईसाई र मुसलमानहरूको पासमा भएका पवित्र ग्रन्थहरू अल्लाहको अस्तित्व र एकत्वको गवाही दिन्छन् ।

र जब वास्तविकताको खोजी मान्छे पवित्र कुरआन र किताबुल् मुकद्दस ( बाइबल र तौरात) मा ईश्वरको अर्थलाई पुष्टि गर्ने विषयमा वैज्ञानिक तरिकाले निष्ठाको साथ अध्ययन गर्छ, त त्यो अल्लाहका ती अनोठो विशेषताहरूलाई अलग गर्न सक्छ जसद्वारा अल्लाह विशिष्ट छन्, र जसमा त्यस बाहेकका अरु कुनै काल्पनिक

पूज्यहरू त्यसको सहभागी हुन्सक्दैनन् । र ती विशेषताहरूमध्ये केही यी हुन्:

(१) □ सत्य पूज्य (ईश्वर) स्रष्टा हो, सृष्टि होइन ।

(२) □ सत्य पूज्य मात्र एक छ अनेक छैन, र त्यसको कोही सहभागी छैन, र नत त्यसको कोही छोरा हो नत त्यो नै कसैको छोरा हो (बरु त्यो यी समस्तबाट निस्पृह छ) ।

(३) □ अल्लाह सृष्टिका कल्पनिक सोचबाट उच्च र पवित्र छ, र यस संसारमा त्यसलाई आँखाहरू हेर्नसक्दैनन् ।

(४) □ अल्लाह अमर छ र सदैंवदेखि छ, त्यसलाई मृत्यु आउँदैन (किनकि मृत्यु त्यसको सृष्टिमध्येको हो), र त्यो नत सृष्टिमध्ये कसैको शरीरमा रूपान्तर हुन्छ नत कसैको रूप धारण गर्छ ।

(५) □ अल्लाह निरपेक्ष छ, स्वयम् विद्यमान छ, आफ्नो सृष्टिहरूबाट निस्पृह छ, त्यसलाई उनीहरूको आवश्यकता छैन, यसर्थ नत त्यसको कोही पिता छ नत माता, नत स्वास्नी नै छ नत सन्तान, र नत त्यसलाई भोजनको आवश्यकता छ नत पेय पदार्थको, र नत त्यसलाई कसैको सहायताको नै आवश्यकता छ, तर त्यसले सृष्टि गरेका समस्त सृष्टिहरू त्यसको मुखापेक्षी अवश्य छन् ।

(६) □ अल्लाह आफ्नो प्रताप, सम्पन्नता, परिपूर्णता, सुन्दरता, अधिपत्य लगायतका विशेषताहरूद्वारा अनुपम र अदितीय छ, जसमा त्यसको सृष्टिमध्ये नत कोही अनुरूप छ नत कोही सहभागी, किनकि त्यस जस्तो कोही पनि छैन ।

यसर्थ माथि वर्णन गरिएका मापदण्ड र कसौटी एवं एकलो अल्लाहका ती विचित्र र अनुपम विशेषताहरू जुन त्यसको लागि विशिष्ट छन् त्यसद्वारा जुनसुकै मिथ्या र काल्पनिक पूज्यहरूलाई खण्डन गर्न र नकार्न सकिन्छ ।

मलाई अब त्यही एउटै सन्देशको विषयतर्फ फर्कनदेऊ जुन उपरोक्तमा वर्णन गरिएको छ ताकि पवित्र कुरआन र किताबुल् मुकद्दस (Old testament & New testamet) का केही

श्लोकहरू छानेर प्रस्तुत गरूँ जुन अल्लाहको एकत्वको पुष्टि गरोस् । तर यसभन्दा अघि म तपाईहरूसंगै यस भावुक सोचाइमा सहभागी हुन्चाहन्छुः

केही ईसाईहरू यस कुराबाट अचम्भित भई यो प्रश्न गर्न थाल्दछन् किः यो कुरो त प्रष्ट नै छ कि अल्लाह एउटै छ, र हामी एक अल्लाहमाथि नै आस्था राख्दछौं, अनि समस्या कता छ र ?

र सत्य कुरो यो हो कि मैले ईसाई धर्मको अत्याधिक अध्ययन गरे पश्चात र उनीहरूसित वार्तालाप र प्रतिउत्तर गरे पश्चात यस निष्कर्षमा पुगें कि ईसाईहरूको दृष्टिमा (केही ईसाईहरूको काल्पनिकदृष्टिमा) अल्लाह समाविष्ट छ निम्न कुराहरूमाः

(१) □ अल्लाह पिता ।

(२) □ अल्लाह पुत्र ।

(३) □ अल्लाह रूहुल् कुद्स (पवित्र आत्मा) ।

IslamHouse.com

स्वयंसिद्ध यथार्थ ज्ञान र शुद्ध तर्क विषय प्रसङ्गबारे खोज गर्ने खोजीलाई ईसाईहरूसित यो प्रश्न गर्नुमा बाध्य गरिदिन्छ कि:

□ □ तिमीहरूको यो कथन "अल्लाह एक छ" को के अर्थ हो, जबकि तिमीहरू तीन उपास्यहरूतर्फ संकेत गरिरहेका छौं ?

□ □ के एक उपास्य तीनमा रूपान्तर भएको छ, वा तीन एकमा (१ ३मा, वा ३ १मा) ?

र यस कुरा साथै केही ईसाईहरू (क्रिस्च्यिनहरू) को धारणा र सिद्धान्त बमोजिम यी तीनवटै उपास्यहरूका कार्य र अस्तित्व एवं आकारहरू भिन्न भिन्न छन्:

(१) □ अल्लाह पिता = स्रष्टा हो ।

(२) □ अल्लाह पुत्र = उद्धारक हो ।

(३) □ अल्लाह पवित्र आत्मा = सल्लाहकार (पक्षधर) हो ।

यो भ्रमिक सोचाई कि मसीह अल्लाहका पुत्र हुन् वा उहाँ नै अल्लाह हुन् वा अल्लाहका अंशमध्येका हुन्, यो तौरात र इन्जीलका श्लोकहरूले पुष्टिकरण गरेको कुरा प्रतिकूल र त्यस विरुद्ध छ, किनकि ती श्लोकहरूले यो स्पष्टिकरण गरेका छन् कि यस संसारमा अल्लाहलाई हेर्नु कसैको लागि सम्भव छैन:

"तिमीहरू त्यसको स्वर सुनेका छैनौ नत त्यसलाई हेरेकै छौ ।" (इन्जील युहन्ना ५:३७)

"त्यसलाई कसैले कहिले हेरेको छैन नत कोही त्यसलाई हेर्न नै सक्दछ ।" (तिमुसाउसतिर पहिलो पत्र ६:१६)

"मलाई कोही जीवित रहेको अवस्थामा हेर्नसक्दैन ।" (अल् खुरूज ३३:२०)

र उपरोक्तमा वर्णित श्लोकहरू र त्यस बाहेकका अरु श्लोकहरूको आधारमा आश्चर्य मान्दै पूर्ण निष्ठा र धरोहरताको साथ यो प्रशन गर्दछु कि हामी कसरी समता र सहमति गराउन सक्छौं ती मानिसहरूको कुरो बीच जुन भन्छन् कि ईसा नै अल्लाह हुन् र किताबुल् मुकद्दसका ती श्लोकहरू बीच जसमा भनिएको छ कि कसैले पनि नत त्यसलाई हेरेको छ नत त्यसको स्वरलाई नै सुनेको छ ? !

□ □ के त्यस समय ईसालाई (अल्लाह पुत्रलाई केही ईसाईहरूको सिद्धान्त अनुसार) यहूदीहरूले र ईसाका परिवारका मानिसहरूले हेरेका थिएनन् र उनको स्वरलाई सुनेका थिएनन् ?

□ □ कसरी तौरात र इन्जील यो प्रमाणित गर्छ कि नि:सन्देह अल्लाहलाई नत कोही हेरेको छ नत त्यसको स्वरलाई सुनेको छ, फेरि हामी हेर्दछौं कि केही मानिसहरूको यो धारणा छ कि उनीहरूले ईसाको व्यक्तित्वको साक्षात दर्शन गरेका हुन् र उनको स्वरलाई सुनेका हुन्, त के (जसलाई यिनीहरूले हेरे) त्यो अल्लाह हो वा अल्लाहको पुत्र र छोरा ? वा के यस कुरामा कुनै रहस्य र गोप्नीयता त छैन जसको सम्बन्ध अल्लाहको वास्तविकतासित छ ?

बरु तौरात त यस कुरो विपरीत पुष्टिकरण गर्छ, र अल्लाहको कथनलाई यसरी प्रस्तुत गर्छ: "नि:सन्देह म नै प्रतिपालक हूँ, र म बाहेक कोही अन्य पूज्य छैन । र मैले नत कसैसंग गोप्नीय कुरा गरें, नत आफ्नो लक्ष्यलाई नै गोप्य राखें, बरु नि:सन्देह म नै अल्लाह हूँ म सत्य बोल्दछु र सत्यताको नै आह्वान गर्दछु" ( इश्अिया ४५:१९)

अनि वास्तविकता के हो त ?

उपरोक्तको श्लोकलाई बारम्बार पढेर त्यसमा पूर्णतया विचार गर ।

**विषयक परिपेक्ष्यमा म बिना कुनै टीकाटिप्पणी केही प्रमाणहरू प्रस्तुत गरिरहेको छु यस आशाको साथ कि त्यसलाई पूर्वधारणा र पूर्वाग्रहबाट मुक्त रही प्रसङ्गीय तरिकाले विनम्रताको साथ अध्ययन गर्नुहुन्छ।**

अब हामी सबै संगसंगै पवित्र कुरआन र किताबुल् मुकद्दसमा अल्लाहको वास्तविकताको खोजतर्फ लागौं, यस आशाको साथ कि तपाईहरू उपरोक्तमा वर्णित श्लोक र उद्धृतहरूमा विनम्रताको साथ मनथन गरे पश्चात र यस पुस्तिकालाई न्यायपूर्वक र आलोचनात्मक एवं प्रसंगीय तौरले अध्ययन गरे पश्चात अआफ्ना सुझाव सल्लाह र दृष्टिकोणबाट अवगत गराउनु हुन्छ।

## मात्र एक सत्य अल्लाह किताबुल मुकद्दस (Old testament ) मा :

सुन हे इस्राईल ! : हाम्रो प्रतिपालक नै हाम्रो एक मात्र उपास्य हो। (अत्तस्नीयह ६:४)

□ □ के एउटै अल्लाहले हाम्रो लागि जीवनको मूल मर्म आत्मालाई सृष्टि गरेको छैन र हामीलाई जीविका दिइराखेको छैन ? (मलाखी २:१५)

□ □ ताकि तिमीहरू जानेर मात्र ममाथि आस्था राख, र जानिराख म नै सत्य उपास्य हूँ, नत मभन्दा पहिला कुनै उपास्य थियो नत मपछि नै कोही उपास्य हुनेछ । र म नै प्रतिपालक हूँ, र म बाहेक कोही उद्धारक छैन । (इश्अिया ४३:११-१०)

□ □ म नै आदि र अन्तय हूँ म बाहेक कोही पूनजीय छैन । म जस्तो को छ र ? (इश्अिया ४४:६)

□ □ के म नै प्रतिपालक होइन ? र म बाहेक कोही पूजनीय छैन ? र (म जस्तो) उद्धारक र दयावान, कुनै आर्को छैन । (इश्अिया ४५:२१)

के तपाई यसै जस्ता अरु
श्लोकहरू स्मरण गर्न सक्नु हुनेछ ।

**मात्र एक सत्य अल्लाह किताबुल मुकद्दस (New testament ) मा :**

□ □ र शाश्वत जीवनको अर्थ यो हो कि उनीहरू यो ज्ञान ग्रहण गरुन् कि तिमी नै वास्तवमा एक सत्य पूज्य हौ, र ईसा मसीहलाई तिमीले नै पठाएका हौ । (इन्जील युहन्ना १७:३)

□ □ आफ्नो परम् पूज्य अल्लाहको उपासना गर, र मात्र त्यसैको लागि सेवा सत्कार गर । (इन्जील मत्ता ४:१०)

□ □ सुन हे इस्राईल ! : हाम्रो प्रतिपालक नै हाम्रो एक मात्र उपास्य हुन्..., यसर्थ अल्लाह एक छ त्यस बाहेक कोही पनि ( उपास्य) छैन । (इन्जील मुर्कुस १२:२८-३३)

□ □ नि:सन्देह अल्लाह एक छ, र अल्लाह र मानिसहरू बीच मध्यस्थ पनि एउटै छ, र त्यो मध्यस्थ हुन् यशू (ईसा) मसीह । (तिमुसाउसतिर पहिलो पत्र २:५)

□ □ उनीमध्ये एउटाले आएर उहाँसित (ईसासित) भन्यो: "हे हाम्रो असल नायक म कुन असल कार्य गरेर शाश्वत जीवन प्राप्त गर्न सक्दछु ?" त उहाँले (हजरत ईसाले) उत्तर दिदै भने: "मलाई असल (सालेह) भनेर किन गुहार्दछौं ? त्यस एक बाहेक अरु कोही सालेह छैन र त्यो हो अल्लाह ।" (इन्जील मत्ता १९:१७-१६, जस्तो कि राजा जिम्सको संकलनमा छ)

के तपाई यसै जस्ता अरु श्लोकहरू स्मरण गर्न सक्नु हुनेछ जुन यो प्रमाणित गरोस् कि अल्लाह मात्र एक छन्
(तीनवटा छैनन्)

## मात्र एक सत्य अल्लाह पवित्र कुरआनमा:

﴿ قُلۡ هُوَ ٱللَّهُ أَحَدٌ ١ ٱللَّهُ ٱلصَّمَدُ ٢ لَمۡ يَلِدۡ وَلَمۡ يُولَدۡ ٣ وَلَمۡ يَكُن لَّهُۥ كُفُوًا أَحَدُۢ ٤ ﴾ الإخلاص: ١ - ٤

अर्थ: तपाई भनिदिनुस् कि त्यो अल्लाह एक छ । अल्लाह निरपेक्ष छ । नत उसबाट कोही जन्मेको छ, न ऊ कसैबाट जन्मेको छ । र न कोही उसको समकक्ष छ । (सूर: नं.११२ श्लोक नं. १-४)

﴿ لَآ إِلَٰهَ إِلَّآ أَنَا۠ فَٱعۡبُدُونِ ٢٥ ﴾ الأنبياء: ٢٥

अर्थ: म बाहेक कोही सत्य पूज्य छैन, तसर्थ तिमी सबै मेरो उपासना गर । (सूर: नं. २१, श्लोक नं. २५)

﴿ لَّقَدۡ كَفَرَ ٱلَّذِينَ قَالُوٓاْ إِنَّ ٱللَّهَ ثَالِثُ ثَلَٰثَةٖۘ وَمَا مِنۡ إِلَٰهٍ إِلَّآ إِلَٰهٞ وَٰحِدٞۚ وَإِن لَّمۡ يَنتَهُواْ عَمَّا يَقُولُونَ لَيَمَسَّنَّ ٱلَّذِينَ كَفَرُواْ مِنۡهُمۡ عَذَابٌ أَلِيمٌ ٧٣ ﴾ المائدة: ٧٣

अर्थ: नि:सन्देह ती मानिसहरू पनि काफिर हुन् जसले भन्दछन् कि अल्लाह तीन मध्येको एक हो, जब कि वास्तवमा अल्लाह बाहेक अरु कोही उपासना योग्य छैन । यदि यी मानिसहरू यस्ता भनाई अथवा विश्वास परित्याग गर्दैनन् भने तिनीहरूमध्ये जो अवज्ञाकारी हुने छन् तिनीहरूलाई कष्टदायक सजाय अवश्य हुनेछ । (सूर: नं. ५, श्लोक नं. ७३)

﴿ إِنَّ إِلَٰهَكُمۡ لَوَٰحِدٞ ٤ ﴾ الصافات: ٤

अर्थ: नि:सन्देह तिमी सबैको पूज्य एउटै छ । (सूर: नं. ३७, श्लोक नं. ४)

﴿أَءِلَٰهٌ مَّعَ ٱللَّهِ ۚ قُلْ هَاتُوا۟ بُرْهَٰنَكُمْ إِن كُنتُمْ صَٰدِقِينَ ﴿٦٤﴾﴾ النمل: ٦٤

□ अर्थः के अल्लाहको साथमा अरु कोही पूज्य छ ? (होइन) भनिदिनुस् कि यदि तिमी साँचो हौ भने प्रमाण पेश गर । (सूरः नं. २७, श्लोक नं. ६४)

वास्तवमा यो सन्देश (अल्लाहको एकत्व) नै पवित्र कुरआनको मूल विषय हो ।

## समाप्ति

निःसन्देह यी श्लोकहरू र यस बाहेक पवित्र कुरआन र किताबुल् मुकद्दसमा भएका सैयौं प्रमाण र तर्कहरू निःसन्देह यस कुरालाई पुष्टि गर्छन् कि वास्तवमा अल्लाह मात्र एक छ त्यस बाहेक कोही पूजनीय छैन, जस्तोकि किताबुल् मुकद्दस भन्छः सुन हे इस्राईल ! : हाम्रो प्रतिपालक नै हाम्रो एक मात्र उपास्य हुन्..., यसर्थ अल्लाह एक छ त्यस बाहेक कोही पनि (उपास्य) छैन । (इन्जील मुर्कुस १२:२८-३३)

र यसै कुरालाई पवित्र कुरआनले यसरी वर्णन गरेको छः “तपाई भनिदिनुस् कि त्यो अल्लाह एक छ ।” (सूरः नां ११२, श्लोक नं. १)

र किताबुल् मुकद्दसले मात्र यति पुष्टि गर्दैन कि अल्लाह एक छ बरु यो पनि पुष्टि गर्छ कि मात्र त्यो एकलो अल्लाह नै स्रष्टा एवं उद्धारक पनि हो । “ ताकि तिमीहरू जानेर मात्र ममाथि आस्था राख, र जानिराख म नै सत्य उपास्य हूँ, नत मभन्दा पहिला कुनै उपास्य थियो नत मपछि नै कोही उपास्य हुनेछ । र म नै प्रतिपालक हूँ, र म बाहेक कोही उद्धारक छैन ।” (इश्अिया ४३:११-१०)

त यसद्वारा यो प्रष्ट हुन्छ कि ईसा वा रूहुल कुद्स वा यिनी बाहेक कसैलाई पनि उपास्य भन्नुको कुनै प्रमाण र तर्क छैन, र उनीहरू अल्लाहका सृष्टिहरूमध्येका सृष्टि बाहेक केही होइनन् यसर्थ उनीहरूको अधिकारमा केही पनि छैन, नत उनीहरू उपास्य हुन् नत त्यसको प्रकाश र झिलका नै हुन् नत त्यसको अवतार र अनुरूपी । यसर्थ कुरआन र किताबुल मुकद्दसले पुष्टि गरे अनुसार त्यस जस्तो कोही पनि छैन ।

र यहूदीहरूको पथभ्रष्टता र अल्लाह बाहेक अरु मिथ्या पूज्यहरूको उपासना गर्ने कारणले अल्लाह उनीहरूमाथि क्रोधित भएका थिए, “प्रतिपालकको क्रोधको आगो उनीहरूमाति आइपऱ्यो ।” (अल् अदद २५:३)

र मूसा अलैहिस्सलामले उनीहरूको सुनौलो बाछोलाई टुक्रा टुक्रा पारिदिए ।

र आर्कोतर्फ ईसाईहरूमध्येको एकेश्वरवादीय समूहले नाना प्रकारका सजाय कष्ट र यातनालाई सहन गर्दैरहे किनकि उनीहरूले अल्लाहलाई एक हुने कुरामा आस्था राखे र हजरत ईसाले ल्याएका शुद्ध र सटीक निर्देशन (अल्लाहको एकत्वको कुरो) मा फेरबदल र थपघटलाई अस्वीकृत गरे, र त्रीकोणीय ईश्वरको नौलो अविष्कृत कुराको इन्कारी भए जसलाई बुलस र त्यसका अनुशरणकारीहरूले अविष्कृत गरेका थिए ।

उपरोक्तमा वर्णित समस्त कुराको सार यो हो कि अल्लाहले हजरत आदम र नूह, इब्राहीम र मूसा, ईसा र मुहम्मद, र समस्त सनदेष्टा र दूतहरूलाई (उनी सबैमाथि अल्लाहको प्रशान्ति अवतरित होस) यस कारण पठायो ताकि उनीहरू समस्त मानिसहरूलाई यस कुरातर्फ आह्वान गरुन् कि उनीहरू त्यस अल्लाहमा आस्था राखुन्, र पूजालाई त्यसै एक परम् पज्यको लागि विशिष्ट गरुन् जसको नत कोही सहभागी छ न समकक्षी । त यो नै उनी समस्त सन्देष्टाहरूको एक मात्र सन्देश होः

सत्य पूज्य मात्र एउटै छ यसर्थ तिमी मात्र उसैको पूजा आराधना गर ।

त जसरी समस्त सन्देष्टाहरूको सन्देश एउटै हो उस्तै उनीहरूको धर्म पनि एउटै हो । यसर्थ ती सन्देष्टा र दूतहरूको धर्मचाहिँ कुन हो त ?

निःसन्देह उनीहरूको सन्देशको मूल मर्म अल्लाहमा समर्पित हुनुमा आधारित छ, त अरबी भाषामा यसै शब्दको अर्थलाई इस्लामको शब्दले व्याख्या गरिन्छ ।

र पवित्र कुरआनले यो पुष्टि गरेको छ कि निःसन्देह इस्लाम नै समस्त सन्देष्टा र दूतहरूको वास्तविक धर्म हो, र यस कुरआनीय वास्तविकतालाई किताबुल मुकद्दसमा पनि खोज्न सकिन्छ । ( र यस वास्तविकतालाई अल्लाहले चाहेमा अघिल्लो पुस्तिकमा खोज गरेर प्रस्तुत गर्नेछु ।)

र अन्त्यमा, उद्धार पाउनुको लागि हामीमाथि यो अनिवार्य छ कि हामी यस सन्देशलाई अङ्गीकार गरौं, र यसमाथि पूर्ण निष्ठा र शुद्धताको साथ आस्थावान बनौं । तर मात्र यति गर्नु प्रयाप्त छैन ! बरु हामीमाथि यो पनि अनिवार्य छ कि हामी समस्त सनदेष्टा दूतहरूमाथि आस्थाराख्ने क्रममा (अन्तिम) सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि पनि आस्था राख्नुपर्छ, र उनी सबैको अनुशरण गर्दै उनीहरूको पद्धतिमा हिंड्नुपर्छ, अनि बल्ल हामी त्यस मार्गमा आइपुग्छौं जुन सदैंव रहीरहने आनन्दमय र सुखमय जीवनको बाटो हो ।

त हे त्यो व्यक्ति जुन पूर्ण निष्ठाको साथ वास्तविकताको खोजमा छ र उद्धारलाई मनपराउँछ, कदाचित तिमी यस विषयमा अहिले नै सोचविचार र चिन्तन मनन् गरिहाल, यसको सुअवसर समाप्त हुनुभन्दा अगावैं, र मृत्यु आउनुभन्दा अघि नै जुनकि एक्कासी आउँछ ! र कसलाई थाहा कि त्यो कहिले आइहालोस् ?

यस्तो महत्वपूर्ण र निर्णायक विषयमा सत्यनिष्ठ आत्मा र बुझ्ने मनीषले चिन्तन मनन् र पुनर्विचार गरे पश्चात तपाई यो सिद्ध गर्न सक्नुहुनेछ कि अल्लाह एक छ त्यसको कोही सहभागी छैन नत

त्यसको कुनै सन्तान नै छ, अनि त्यसमाथि आस्थावान हुनु, मात्र त्यसैको भक्ति र स्तुति गर्नु, र यस कुरामा आस्था राख्नु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम उस्तै अल्लाहको दूत र सन्देष्टा हुन् जसरी हजरत नूह र इब्राहीम, मूसा एवं ईसा हुन् ।

र अब यदि तपाई चाहनुहुन्छ भने यी शब्दहरूको उच्चारण गर्न सक्नुहुन्छ । ⇩

أشهد أن لا إله إلا الله و أشهد أن محمداً رسول الله

**अश्हदु अल्लाइलाहा इल्लल्लाह, वअश्हदु अन्ना मुहम्मदर्रसूलुल्लाह ।**

**म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य पूजनीय छैन, र म गवाही दिन्छु कि मुहम्मद अल्लाहका सन्देष्टा हुन ।**

यो साक्ष्य बस्नु नै शाश्वत र आनन्दमय जीवनको मार्गमा उठाइएको प्रथम चरण हो, र यो नै स्वर्गका द्वाराहरूको वास्तविक साँचो हो ।

त जब तपाई यस बाटोमा हिंड्ने निर्णय गरिहाल्नु भएको छ भने यस सन्दर्भमा आफ्नो कुनै मित्र वा कुनै मुस्लिम छिमेकी वा निकटको मस्जिद वा कुनै इस्लामीय संस्थाको सहायता लिन सक्नुहुन्छ, वा मलाई फोन अथावा पत्राचार गर्न सक्नुहुन्छ (यसबाट मलाई असाध्धै खुशी लाग्नेछ) ।

﴿ قُلْ يَـٰعِبَادِىَ ٱلَّذِينَ أَسْرَفُوا۟ عَلَىٰٓ أَنفُسِهِمْ لَا تَقْنَطُوا۟ مِن رَّحْمَةِ ٱللَّهِ ۚ إِنَّ ٱللَّهَ
يَغْفِرُ ٱلذُّنُوبَ جَمِيعًا ۚ إِنَّهُۥ هُوَ ٱلْغَفُورُ ٱلرَّحِيمُ ﴿٥٣﴾ وَأَنِيبُوٓا۟ إِلَىٰ رَبِّكُمْ وَأَسْلِمُوا۟
لَهُۥ مِن قَبْلِ أَن يَأْتِيَكُمُ ٱلْعَذَابُ ثُمَّ لَا تُنصَرُونَ ﴿٥٤﴾ وَٱتَّبِعُوٓا۟ أَحْسَنَ مَآ
أُنزِلَ إِلَيْكُم مِّن رَّبِّكُم مِّن قَبْلِ أَن يَأْتِيَكُمُ ٱلْعَذَابُ بَغْتَةً وَأَنتُمْ لَا
تَشْعُرُونَ ﴿٥٥﴾ ﴾ الزمر: ٥٣ - ٥٥

अर्थः (हे मुहम्मद मेरो तर्फबाट) भन्नुस् कि "हे मेरा भक्तहरू ! जसले आफूमाथि नै अत्याचार गरेका छन्, तिमी अल्लाहको दयाबाट निराश नहोऊ । निःसन्देह अल्लाहले समस्त पापहरूलाई क्षमा गरिदिन्छ। निश्चय नै ऊ बडो क्षमाशील र अत्यन्त दयावान् छ। यसभन्दा पहिला कि तिमीलाई यातना आओस्, आफ्नो पालनकर्तातिर प्रवृत्त होऊ र उसको आज्ञाकारी भइहाल। त्यस यातना आएपछि तिम्रो सहायता गरिने छैन । र यसभन्दा पहिला कि तिमीमाथि एक्कासी यातना आओस् र तिमीलाई थाहा पनि नहोस्, त्यस सर्वोत्तम कुराको अनुशरण गर जुन कि तिम्रो पालनकर्ताको तर्फबाट तिम्रो लागि अवतरित भएको छ । (सूरः ३९, श्लोक ५३-५५)

र यता आर्को कुरा पनि छ.......

## अन्तिम चाहना:

*यस एक सन्देशलाई ध्यानपूर्वक बुझेर गंभीरताको साथ पढे पश्चात कदाचित सत्यनिष्ठ निष्ठावानहरू यो प्रश्न गर्न थाल्छन्:*

- *सत्यता के हो ?*
- *त्रुटि कता छ ?*
- *के हो समाधान ?*

यी प्रश्नहरू र यस जस्ता अरु प्रश्नहरूमाथि म आफ्नो आगामी लेखहरूमा चर्चा गर्नेछु यदि अल्लाहले चाह्यो ।

अधिक ज्ञानको लागि वा कुनै सल्लाह सुझाव अथवा प्रशनहरूको लागि निसंकोच निम्नको ठेगानामा लेखकसित सम्पर्क गर्नुहोला:

पो.बो.नं. ४१८- अल् हफूफ- अल् अहसा ३१९८२
सउदी अरबीया
P.Box No. 418- Al hafoof- Al ahsa-31982
Kingdom of Saudi Arabia
abctruth@hotmail.com
info@abctruth.net

वा हाम्रो आफिसमा सम्पर्क गर्नुहोला....

कुनै पनि फेरबदल र थपघटको स्वागत छ

**समाप्त**

अनुवादक

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**विद्यार्थी एम.ए.: उम्मुल् कुरा विश्वविद्यालय**
**पवित्र मक्का सउदी अरब**
atiqkhannp1982@yahoo.com
**सम्पर्क नं.** ००९७७९८१९४३७७५८
**सउदी मो. न.** 00966-0501372254
عتيق الرحمن محمد إدريس خان مكي
الجوال 00966-0501372254

# विषय सूची


| क्र.सं. | शीर्षकहरू | पृष्ठ |
|---|---|---|
| 1 | प्रस्तावना | **3** |
| 2 | अध्ययन गर्नुभन्दा अघि केही प्रश्नहरू | **5** |
| 3 | मुख्य विषयतिर | **7** |
| 4 | किताबुल् मुकद्दस (Old testamet) मा अल्लाहको एकत्व... | **21** |
| 5 | किताबुल् मुकद्दस (New testamet) मा अल्लाहको एकत्व. | **26** |
| 6 | पवित्र ग्रन्थ कुरआनमा अल्लाहको एकत्व | **49** |
| 7 | पाँचौं अध्याय: नमाजमा महिलाहरूसित विशिष्ट समस्या.... | **57** |
| 8 | समाप्ति | **72** |
| 9 | अन्तिम चाहना | **78** |

IslamHouse.com